# हलौडे सामुदायिक वन उपभोक्ता समूह

गोदावरी-१२, कैलाली

## काठ लिलाम बिक्री सम्बन्धि सुचना !!!

गौर्य दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७८ ०५ ०५

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.०७७ ०७८ मा स्वीकृत विधान कार्य योजना अनुसार संकलन भई सा.व.उ.स. कम्पाउण्डमा घाटगद्दि भएको गोलिया काठ यस समूहका उपभोक्ता सदस्यहरुमा खपत नभई छिमेकी समुहका उपभोक्ताहरुलाई समेत आवश्यक भएमा निवेदन पेश गर्न यस समूहबाट सूचना प्रकाशित गर्दा समेत कोही कसैको निवेदन पर्न नआएको हुदा कैलाली जिल्ला भित्रका उपभोक्ताहरुलाई काठ बिक्री सम्बन्धी सूचना प्रकाशित गर्दा कोही कसैको निवेदन पर्न नआएको हुदा घाटगद्दीमा मौज्दात रहेको तपसील बमोजिमको काठलाई शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले मुल्य अभिबृद्धिकरमा दर्ता भई वन पैदावार सम्बन्धि कारोवार गर्ने काष्ठ व्यवसायी, व्यक्ति, फर्म वा कम्पनी, उद्योगले मात्र यो सूचना गौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरीद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको ३.०० बजे भित्र यस सा.व.उ.स. कार्यालय कैलालीको कार्यालयमा दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टास गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

तपशिल :

| सि.नं. | लट नं. | जात | ग्रेड | थान | परिमाण क्यु.फी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | साल | ए | २१ | २९४।९४ | |
| | | | बि | ३९ | ३३१।०४ | |
| | | | सि | ४२ | २२१।९९ | |
| | | जम्मा | | १०२ | ८४७।९७ | |
| २ | | अस्ना | ए | ८ | १६५।९१ | |
| | | | बि | २३ | १८६।४६ | |
| | | जम्मा | | ३१ | ३५२।३७ | |
| | | कुल जम्मा | | १३३ | १२०१।३४ | |
| | | दाउरा | | | १ एक चट्टा | |

अध्यक्ष

बाली माउद

हलौडे सामुदायिक वन उ. समूह

गोदावरी न.पा.१२, कैलाली

Scanned with CamScanner

## श्री हलौडे सामुदायिक वन उपभोक्ता समूह
### गोदावरी न.पा.१२ कैलाली

### काठ लिलाम बिक्री [illegible] विवरण सहितको सूचना ॥

(सौग........दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०७८/५/५)

उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रबाट आ.व.२०७७/०७८ मा वार्षिक कार्ययोजना अनुसार सम्पूर्ण बनक्षेत्र ढलापढा रुखहरुबाट संकलन [illegible] सा.व.उ.स. कम्पाउण्डमा घाटगद्दी भएको काठ/दाउरा तपशिल बमोजिमको लट कायम गरी जे जस्तो अवस्थामा छ । सोही अवस्थामा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु परेको हुदा मूल्य अभिवृद्धि करमा दर्ता भएका काठ/दाउरा व्यवसायी फर्म वा उद्योगले मात्र निम्न शर्तको अधिनमा रही यो सम्वन्धि सूचना ..........दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र डिभिजन वन कार्यालय धनगढी कैलाली र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट बोलपत्र खरीद गरी २२ औ दिनको ३.० बजे भित्र यस सा.व.उ.स.कार्यालयमा सिलबन्दी बोलपत्र दाखिला गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएका छ ।

तपशिल

| लट न. आ.व. २०७७ ०७८ | घाटगद्दी स्थान | जात | ग्रेड | थान | परिमाण क्यु.फिट | न्यूनतम मुल्य प्रति क्यु.फिट/प्रति चट्टा रु. | लागत खर्च प्रति क्यु.फिट/प्रति चट्टा |
|---|---|---|---|---|---|---|---|
| १ ०७८ ०७९ | सा.व.उ.स. कम्पाउण्ड | साल | ए | २१ | २९४।९४ | १०००।० | जिल्ला दररेट अनुसार |
| | | | बि | ३९ | ३३१।०४ | ८००।० | |
| | | | सि | ४२ | २२१।९९ | ५००।० | |
| | | जम्मा | | १०२ | ८४७।९७ | | |
| | | अस्ना | ए | ८ | १६५।९१ | ३००।० | |
| | | | बि | २३ | १८७।४६ | २००।०० | |
| | | जम्मा | | ३१ | ३५३।३७ | | |
| | | कुल जम्मा | | १३३ | १२०१।३४ | | |
| | | साल दाउरा | | | १(एक)चट्टा | | |

शर्तहरु

१ यो सम्वन्धि सूचना सौग........दैनिक पत्रिकामा प्रथम पटक पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्रमा मु.अ.कर दर्ता भएका काठ व्यवसायी ,फर्मले रु १०००।०० (फिर्ता नहुनेगरि) तिरी डिभिजन वन कार्यालय र यस सा.व.उ.स. को कार्यालयबाट बोलपत्र फाराम २१ औं दिनको ३:०० बजे भित्र खरिद गर्न सकिनेछ ।

२ आफुले सकार गरेको अंकको १०% ले हुने धरौटी बापतको रकम सा.व.उ.स.को नाममा रहेको श्री रा.वा.बैक अत्तरिया शाखाको हि.नं................................................मा जम्मा गरेको सक्कल भौचर, समुहको नगदी रसिद वा मान्यता प्राप्त बैकको ६महिनाको बैक ग्यारेण्टी र नगदी भौचर,, मु.अ.करमा दर्ता भएको प्रमाणपत्र, काठ व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत बोलपत्रसाथ संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

३ बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा क्रमशः कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै बोलपत्र बिकी, दर्ता, खोल्ने कार्य हुनेछ ।

४ बोलपत्र दाताले बोलपत्रमा आफनो नाम ठेगाना लेखी दस्तखत गरी फर्म वा संस्थाको छाप समेत लगाई खाममा राखी शिलबन्दी गरी खामको बांया तर्फ आफनो नाम ठेगाना लेखी फर्म वा संस्थाको छाप समेत लगाई दायातर्फ बोलपत्र पेश हुने कार्यालयको नाम, विषय र लट नं उल्लेख गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

५ बोलपत्र पेश गर्दा आफुले सकार गरेको रकम अंक र अक्षरमाः स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६ सिलबन्दी बोलपत्रहरु सूचना प्रकाशित भएका मितिले २२ औ दिनको १.०० बजे भित्रमा यस सा.व.उ.स को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

७ निर्धारित म्याद भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्र सूचना प्रकाशित भएका मितिले २२ औ दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि वा टेण्डर फाराम दर्ता भई २:०० बजें पछि नियमानुसार यस सा.व.उ.स.को कार्यालयमा बोलपत्र खोलिनेछ ।

८ पर्न आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस समुहको कार्य समितिमा निहित रहने छ । म्याद नाघि आएको वा शर्त राखेको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९ बोलपत्र स्वीकृत भएको सूचना बोलपत्र खोलिएको मितिले बढीमा ७ दिन भित्र यस सा.व.उ.स.को कार्यालयमा सूचना पाटिमा टांस गरिने छ । यो सूचना टांस भएको मितिले १५ दिन भित्र सम्बन्धित सकारकर्ताले सकार रकम जम्मा गर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा नगरेमा उक्त लटको लागी राखेको धरौटी नियमानुसार जफत गरी १० भित्र परेका क्रमशः दोस्रो, तेस्रो र चौथोलाई रकम दाखिला गर्न सूचना प्रकाशित गरिने छ । सो को जानकारी सकारकर्ता स्वयंमले लिनु पर्नेछ ।

१० बोलपत्रदाताले काठ हेर्न चाहेमा उपभोक्ता समुहको घाटगद्दीमा हेर्न सकिने छ ।

११ सकारकर्ताले सकार गरेको सकार रकमको अतिरिक्त नियमानुसार लाग्ने मु.अ.कर, संकलन खर्च रकम समेत थप दाखिला गर्नु पर्नेछ ।

१२ अन्य जानकारीका लागी कार्यालय समयमा यस सा.व.उ.स.को कार्यालयमा तथा डिभिजन वन कार्यालय कैलाली धनगढीमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०७८ साल भाद्र ५ गते रोज ६ शुभम् ।

Scanned with CamScanner